# इलाममा मौरीपालन व्यवसाय फस्टाउँदै

प्रकाश नेपाल/हिटा

इलाम, २९ चैत

पछिल्लो समय हरेक पेसा र व्यवसाय आधुनिक तरिकाबाट हुन थालेको छ । यसैक्रममा मौरीपालन व्यवसाय पनि आधुनिक तरिकाबाट हुन थालेको हो । इलाममा मौरीपालन व्यवसाय फस्टाउँदै गएको छ । कम मिहिनेतमा उत्पादन र उच्च मूल्य पाउन थालेपछि किसानहरूको आकर्षण मौरीपालनमा बढेको हो । स्थानीय सेरेना जातको मौरीबाट उत्पादित मह प्रतिकिलो एक हजारदेखि एक हजार ५०० रुपैयाँसम्म बिक्री हुने गरेको छ । यहाँ उत्पादित मह स्थानीय बजारका साथै झापा, काठमाडौं र भारतमा समेत बिक्री हुने गरेको छ । जिल्लाको रोङ गाउँपालिका, माइजोगमाई गाउँपालिका, इलाम नगरपालिका, सूर्योदय नगरपालिकाको तल्लो भागमा व्यावसायिक रूपमा मौरीपालन गरिन्छ । मौरीपालनलाई व्यवस्थित गर्न रोङ गाउँपालिकाले मौरी विकास शाखा स्थापना गरेको छ । कृषि विकास शाखाबाट कार्यक्रम कार्यान्वयन हुने गरी तालिम दिएपछि मौरीपालनमा किसानहरूको आकर्षण बढेको गाउँपालिकाका प्रवक्ता मणिकुमार स्याङ्वोले



बताउनुभयो ।

इलामको ग्रामीण क्षेत्रमा परम्परागत रूपमा मौरीपालन गर्दै आएका किसानहरूले घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय तह र अन्य संस्थाहरूले तालिम दिएपछि आधुनिक घारहरू राख्ने गरेका छन् । रोङ गाउँपालिकाको ६ वडामा २०० भन्दा बढी व्यावसायिक मौरीपालक किसान छन् । यहाँका बालीमा विषादी प्रयोग नहुने र खुला चरिचरण हुने भएकाले मौरीका लागि उचित स्थान रहेको बताइन्छ । चुरे क्षेत्रका जमिनमा खेतीपातीको सट्टा मौरीलाई चाहिने बोटबिरुवा लगाउँदा भू-क्षय समेत नियन्त्रण हुने भएकाले चुरे संरक्षणसँगै किसानहरूको आम्दानी वृद्धिका लागि मौरीपालनलाई प्रवर्द्धन गरिएको गाउँपालिका अध्यक्ष शम्शेर राई बताउनुहुन्छ । तीन वर्षअघि स्थापित मौरी स्रोत केन्द्रले मह संकलन र बजारीकरणको काम गरिरहेको अध्यक्ष राईले बताउनुभयो ।

शुद्ध महको माग बढिरहेकाले आफ्नो कार्यक्रम प्रभावकारी रहेको र जनताले समेत रुचाएको उहाँको दाबी छ । कार्यक्रमअन्तर्गत शुद्ध मह उत्पादन, मौरीको स्याहार र महको उत्पादन बढाउने विषयमा किसानलाई प्राविधिक सहयोग गर्ने र आगामी दुई वर्षभित्रमा मौरी स्रोत केन्द्र आफैं आत्मनिर्भर रहने गाउँपालिकाले बताएको छ ।

औषधीय गुणको भण्डार मानिने महबाट मानव शरीरलाई चाहिने कार्बोहाइड्रेट, प्रोटिन म्याग्नेसियमर भिटामिन, हेमोग्लोबिन र ग्लोकुज पाइन्छ । महलाई रुघाखोकी, कब्जियत, सुक्खा खोकी, रक्त अल्पता, दुब्लोपन, मोटोपन, मानसिक समस्या, अनिद्रा, हाडजोर्नी समस्यालगायतको रोगको अचुक औषधि मानिने गरिन्छ । गाउँपालिकाले मौरीपालनका लागि गत वर्ष १५ लाख र यस वर्ष पनि १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सरकारी तथ्यांकअनुसार इलामका दुई हजार किसानले मौरीपालन गरेका छन् । इलाममा वार्षिक २२ मेट्रिक टनभन्दा बढी मह उत्पादन हुँदै आएको छ ।

## देउवा र पौडेलबिनाको...

« पृष्ठ १ बाट क्रमशः

यस्तै, तत्कालीन नेपाल लोकतान्त्रिक फोरमलगायत अन्य राजनीतिक दलको सांगठनिक संरचना समायोजनका लागि उपसभापति विमलेन्द्र निधिको संयोजकत्वमा समायोजन समिति गरेको थियो ।

कांग्रेसका सहमहामन्त्री डा. प्रकाशशरण महतले पदाधिकारी बैठकमा आसन्न निर्वाचनका लागि देखिएका कठिनाइहरू समाधान गर्ने विषयमा पदाधिकारी बैठक केन्द्रित रहेको जानकारी दिनुभयो । 'यो बैठकको मूललक्ष्य भाद्र ७ देखि १० सम्म महाधिवेशन सम्पन्न गर्ने जुन छ, त्यो प्राप्त गर्नु नै हो ।' उहाँले भन्नुभयो, 'त्यसका लागि देखिएका कठिनाइहरूलाई फुकाउने तरिकाका बारेमा नै छलफल केन्द्रित रह्यो ।'

सहमहामन्त्री डा. महतले विभिन्न जिल्लामा देखिएका समस्या समाधानका उपाय, कार्यतालिकाअनुसार सम्पन्न गर्नुपर्ने कामहरू सम्पन्न गर्न अवलम्बन गर्नुपर्ने कदमका बारेमा नै बैठकमा छलफल भएको बताउनुभयो । 'हामीसँग समय कम छ, सदस्यताको छानबिन पनि गर्नुपर्छ । समयको चाप भएका कारण कहाँ-कहाँ कठिनाइहरू छन् । कुन-कुन जिल्लाहरूमा समस्या छन् । ती समस्याहरूलाई कसरी टुंगो लगाउने, कसरी निरन्तर रूपमा समयमै काम सम्पन्न गर्ने भन्ने विषयमै छलफल केन्द्रित रह्यो,' उहाँले भन्नुभयो ।

सहमहामन्त्री डा. महतले विभिन्न जिल्लाहरूबाट अहिलेसम्म झण्डै ६ लाख क्रियाशील सदस्यहरूको नाम इन्ट्री भइसकेको पनि जानकारी दिनुभयो । उहाँका अनुसार कांग्रेसले यसपटक देशभर झण्डै १० लाख क्रियाशील सदस्यता पुऱ्याउने लक्ष्य राखेको छ ।

'मूलभूत रूपमा सक्रिय सदस्यता (क्रियाशील सदस्यता) को टुंगो लगाउने जुन चुनौतीपूर्ण काम छ । अहिले झण्डै १० लाख संख्या पुऱ्याउने भन्ने छ । जसमध्ये झण्डै पौने ६ लाखको इन्ट्री भइसकेको अवस्था छ,' उहाँले भन्नुभयो ।

क्रियाशील सदस्यता छानबिन समितिका सदस्य पौडेलले अहिले ७० जिल्लाहरूबाट क्रियाशील सदस्यता इन्ट्रीको काम गरिरहेका जानकारी दिनुभयो । उहाँका अनुसार सात जिल्लाहरूले इन्ट्रीको काम सुरु गरेका छैनन् । 'अहिलेसम्म ७० जिल्लाले इन्ट्री गरिरहेको छ । करिब-करिब ९० भन्दा बढी निर्वाचन क्षेत्रबाट निरन्तर इन्ट्री भइरहेको छ,' उहाँले भन्नुभयो, 'त्यसबाहेक पनि थोरै अन्य क्षेत्रबाट पनि इन्ट्री भइरहेको अवस्था हो । सात आठ जिल्लामा इन्ट्री प्रारम्भ भएको छैन ।'

क्रियाशील सदस्यता इन्ट्रीको काम सुरु नगरेका जिल्लाहरूमा देखिएका समस्या समाधानका लागि पदाधिकारी बैठकमा छलफल भएको पौडेलले बताउनुभयो । 'इन्ट्री प्रारम्भ गर्नका निम्ति समस्या के हो ? त्यसलाई पहिचान गरेर कसरी समाधान गर्न सकिन्छ ? भन्ने बारेमा आज (आइतबार) हामीले छलफल गर्‍यौं,' उहाँले भन्नुभयो ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकमा पूर्व-पदाधिकारीहरू पनि सहभागी हुनुहुन्थ्यो । यद्यपि, बैठकमा सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेल भने अनुपस्थित हुनुहुन्थ्यो ।

सभापति देउवा कार्यव्यस्तता र पौडेल उपत्यकाबाहिर रहेका कारण बैठकमा उपस्थित हुन नसक्नुभएको बताइएको छ । बैठकमा उपसभापतिद्वय विमलेन्द्र निधि र विजयकुमार गच्छदार, महामन्त्रीद्वय डा. शशांक कोइराला र पूर्णबहादुर खड्का, सहमहान्त्री प्रकाशशरण महत र कोषाध्यक्ष सीतादेवी यादवको उपस्थिति थियो ।

यस्तै, बैठकमा पूर्व-महामन्त्रीद्वय कृष्णप्रसाद सिटौला र प्रकाशमान सिंह, पूर्व-सहमहामन्त्री अर्जुनरसिंह केसी, केन्द्रीय सदस्यहरू एनपी साउद, डा. मीनेन्द्र रिजाललगायतका नेताहरू पनि सहभागी हुनुहुन्थ्यो ।

यसैबीच, सोमबार कांग्रेस केन्द्रीय कार्यसमिति बैठक बस्दैछ । बैठक दिउँसो २ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्नेछ । यसअघि चैत २७ गते बस्ने भनिएको बैठक सोमबारसम्मका लागि स्थगित गरिएको थियो । बैठकमा क्रियाशील सदस्यता नवीकरण र नयाँ क्रियाशील सदस्यता वितरणको समयावधि बढाउने सम्भावना रहेको छ । कांग्रेसले यसअघि चैत १० गतेसम्म क्रियाशील सदस्यता नवीकरण र वितरण गरी केन्द्रमा जानकारी दिन निर्देशन दिए पनि विभिन्न जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता वितरण गर्न सकेका छैनन् ।

चैत २० गते बसेको केन्द्रीय कार्यसमिति बैठकले चैत ३० गतेसम्म क्रियाशील सदस्यता वितरण र नवीकरणको काम सम्पन्न गर्ने कार्यतालिका बनाए पनि काम सम्पन्न हुन सकेको छैन ।

## नयाँ सरकार...

« पृष्ठ १ बाट क्रमशः

विषयमा पनि कांग्रेसले कुनै चासो नदेखाएको भन्दै देउवालाई प्रधानमन्त्री बन्न मन नभएको उहाँले दाबी गर्नुभयो । बैठकमा अर्का अध्यक्ष उपेन्द्र यादवले पार्टीका माग पूरा गराउने र नयाँ सत्ता समीकरणबारे खुला छलफल जरुरी रहेको बताउनुभएको थियो । कांग्रेसले सरकारको विकल्प खोज्ने निर्णय गरेको भन्दै यादवले सरकारको विकल्प खोज्न जसपा पनि तयार हुनुपर्नेमा जोड दिनुभयो । बैठकपछि संघीय परिषद् अध्यक्ष डा.भट्टराईले नयाँ सरकार निर्माणबारे छलफल सुरु भएको र केही दिन छलफल लम्बिने बताउनुभयो । 'आज राजनीतिक विषयमा छलफल सुरु मात्रै भएको छ । बैठक निरन्तर बस्छ र ठोस निष्कर्षमा पुग्छौं,' उहाँले भन्नुभयो । भट्टराईका अनुसार कांग्रेसको प्रस्तावलाई स्वीकार गर्ने वा आफ्ना एजेण्डाबारे प्रतिबद्धता खोज्ने भन्नेमा पनि छलफल थालिएको छ । जसपाभित्र नयाँ सत्ता समीकरणबारे दुई धार भए पनि अध्यक्ष ठाकुर नेतृत्वकै धार बहुमतमा छ । नयाँ सरकार गठनका लागि कांग्रेसलाई माओवादी र जसपा दुवैको साथ अनिवार्य रहन्छ । प्रधानमन्त्री ओलीसँग पनि निरन्तर संवादमा रहेको जसपाका माग पूरा गर्न सरकारले नै पहल गरिरहेको छ । जसपाको समर्थन सुरक्षित गरेर संसद्मा विश्वासको मत हासिल गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको योजना छ ।

## 'ओली अवैध...

« पृष्ठ १ बाट क्रमशः

छ,' रावलले भन्नुभयो, 'त्यसले कम्युनिष्ट आन्दोलनलाई पनि विसर्जनतर्फ लैजान खोजेको देखिन्छ । उहाँले राष्ट्रलाई पनि अँध्यारो दिशातिर लैजाने दुष्प्रयास गर्नुभएको छ ।' फागुन २८ को भेला पार्टीको नभएर गुटको भएको बताउँदै उहाँले अगाडि भन्नुभयो, 'प्रधानमन्त्री स्वयंले बालुवाटारमा बोलाएर जनप्रतिनिधिलाई पदको लोभ देखाउने, धम्काउने र डराउने गरिरहनुभएको छ भन्ने मैले सुनेको छु । त्यो निन्दनीय हो ।' स्वयं ओलीले नवौं राष्ट्रिय महाधिवेशनको म्यान्डेड र विधानविपरीत काम गरेको बताउँदै रावलले आफूमाथि गरिएको कारबाही स्वीकार गर्न नसकिने बताउनुभयो । 'पार्टीको विधानविपरीत ओलीले नै पटक-पटक काम गरेका छन्,' रावलले भन्नुभयो, 'विधानविपरीत काम गरेर ओली आफैं अवैध अध्यक्ष भइसकेका छन् । अवैध अध्यक्षले गरेको कारबाहीलाई स्वीकार्न सकिँदैन ।'

धनगढीमा दुई दिनसम्म चलेको प्रदेश कमिटीको आठौं बैठकले जिल्ला कमिटी र जनसंगठनका कमिटीहरू पुनर्गठन गर्ने निर्णय पनि गरेको छ ।

### ■ कर्ण थापालाई निलम्बन गर्न सिफारिस, जिल्ला कमिटी पुनर्गठन

सुदूरपश्चिम प्रदेशमा नेकपा एमालेको माधव नेपाल समूहले जिल्ला कमिटी पुनर्गठन गर्ने निर्णय गरेको छ । धनगढीमा दुई दिनसम्म चलेको प्रदेश कमिटीको आठौं बैठकले जिल्ला कमिटी र जनसंगठनका कमिटीहरू पुनर्गठन गर्ने निर्णय गरेको आइतबार पत्रकार सम्मेलन गर्दै जानकारी दिइएको छ । जिल्ला कमिटी प्रदेश कमिटीको बैठकले नै पुनर्गठन गरेको छ भने अन्य संगठन पुनर्गठन गर्न निर्देशन दिएको छ ।

कञ्चनपुरको जिल्ला अध्यक्षमा तारा लामा तामाङ, उपाध्यक्षमा जीवनराज थापा, सचिवमा रणबहादुर महरा, उपसचिवमा रवीन्द्र कुँवर र कार्यालय सचिवमा मोहनसिंह रावतलाई चयन गरिएको प्रदेश कमिटीले जनाएको छ । यस्तै, बाजुरामा गगनबहादुर रावल अध्यक्ष, पुरबहादुर रावत सचिव र निरबहादुर शाही उपसचिव, बैतडीमा महादेव भट्ट अध्यक्ष, कृष्ण साउद उपाध्यक्ष, हर्कबहादुर धानुकलाई सचिवमा चयन गरिएको छ ।

अछाम, कैलाली, डडेल्धुरा, डोटी र बझाङमा भने यसअघिकै पदाधिकारीलाई निरन्तरता दिइएको छ भने रिक्त पदाधिकारी पूर्ति गर्न जिल्ला कमिटीलाई निर्देशन दिइएको छ । कैलालीमा दीर्घ सोडारी, डडेल्धुरामा डा. तारा जोशी, डोटीमा चक्रबहादुर मल्ल, बझाङमा दिलबहादुर सिंह र अछाममा शेरबहादुर कुँवरलाई नै अध्यक्षमा नितरन्तरता दिइएको प्रदेश कमिटीले जनाएको छ । नौवटै जिल्लाका जनसंगठन र पेशागत संगठनलाई पनि पुनर्गठन गर्न निर्देशन दिइएको पार्टीका सुदूरपश्चिम इन्चार्ज भीम रावलले जानकारी दिनुभयो । वैशाखदेखि असार १५ गतेसम्म वैचारिक तथा संगठनात्मक सुदृढीकरण अभियान सञ्चालन गर्ने निर्णयसमेत भएको रावलले बताउनुभयो ।

यस्तै, नेकपा (एमाले) सुदूरपश्चिमका अध्यक्ष कर्ण थापालाई कारबाही गर्न सिफारिस गरिएको छ । पार्टी विभाजन गर्न संलग्न भएको, पार्टी कार्यालयमा गुण्डागर्दी र तोडफोड गरेको भन्दै थापालाई पार्टीका सबै जिम्मेवारीबाट हटाउँदै पार्टी सदस्यताबाट एक वर्षका लागि निलम्बन गर्नसमेत सिफारिस गरिएको हो ।

## सनातन धर्ममाथि...

« पृष्ठ १ बाट क्रमशः

धामहरूको विकास गर्नु छ,' सन्देशमा भनिएको छ, 'हाम्रा गंगा नदीहरूको प्रवाह स्वच्छ पार्नु छ । भगवान रामले भन्नुभएको थियो अपि स्वर्ण मणि लंका न मे लक्ष्मण रोचति जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी भन्ने सद्युक्तिको ख्याल हामीले राख्नैपर्छ ।'

उहाँले कतिपय बाह्य दवाब, प्रभाव, प्रलोभन र सांस्कृतिक अतिक्रमणका कारण केही समयदेखि पूर्वीय दर्शन, धर्म र सनातनी संस्कारमा ह्रास आएको बताउँदै उहाँले त्यसप्रति सबैको ध्यान पुग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

'भारतवर्ष, हाम्रो आर्यावर्त र भरतखण्ड, यो भूखण्ड, हाम्रा यी हिमशृंखला, हाम्रा यी अनेकौं नदीको महत्व महान् छ,' पूर्वराजाले भन्नुभएको छ, 'हजारौं वर्षअघिदेखिको हाम्रो सभ्यता, हाम्रो धर्म, परम्परा तथा सनातनिक संस्कृति विश्वमै बेजोड छ ।'

उहाँले महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेको के नेपाल सानो छ नामक निबन्धको पनि प्रसंग उठाउनुभएको थियो । पूर्वराजा ज्ञानेन्द्रले सोमबार साधुसन्तहरूका साथ हरिद्वारमा शाही स्नान गर्ने कार्यक्रम छ ।

## भयावह बन्दै...

« पृष्ठ १ बाट क्रमशः

उहाँका अनुसार पछिल्लो १५ दिनमा ३२ हजार भारतीयहरू काठमाडौं विमानस्थल प्रयोग गरेर बाहिरिएका छन् ।

सोही अवधिमा हवाई मार्गबाट ६ हजार ७८ जना नेपाल आएका छन् । अघिल्लो महिना यो तथ्यांक सात हजारको आसपाससमा थियो । अहिले काठमाडौं-नयाँदिल्ली अहिले दैनिक दुई उडान हुने गरेका छन् ।

भारतीय नागरिकले नेपाली विमानस्थल प्रयोग गरी खाडी मुलुक जाने गरेको विषयमा ध्यानाकर्षण भएको भन्दै यो विषयमा थप बुझेर बाँकी प्रक्रिया अगाडि बढाइने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

## सरकारले गल्ती...

« पृष्ठ १ बाट क्रमशः

संक्रमण दिनदिनै बढिरहेको यो अवस्थामा सरकारले सीमा नाका बन्द गरी परीक्षणको दायरा बढाउनुपर्नेमा अहिले भारतबाट दैनिक सयौंको संख्यामा नागरिक नेपाल प्रवेश गरिरहेको प्रति चिन्ता व्यक्त गर्नुभयो । 'गत वर्ष गरेको गल्ती अहिले पनि दोहोर्‍याएका छौं । यसले नेपालमा संक्रमणको जोखिम बढाएको छ । सीमा नाकामा कडाइ गर्नुपर्छ । वैध नाकाहरूमा परीक्षण गर्नुपर्ने हुन्छ । नाकामै क्वारेनिटन बनाएर १५ दिन त्यही नै राख्नुपर्छ । नेगेटिभ छ भने पठाउने । नभए अस्पताल भर्ना गर्नुपर्छ । अवैध नाकाहरूमा स्थानीय र सुरक्षाकर्मीहरूले समेत प्रवेशमा रोक लगाउनुपर्छ । नभए हामीले चर्को मूल्य चुकाउनुपर्छ', उहाँले भन्नुभयो ।

भारत, कतारलगायतका विभिन्न देशहरूले स्वास्थ्य सुरक्षाका मापदण्ड पालनामा निकै कडाइ गरेको स्मरण गराउँदै उहाँले नेपालको सन्दर्भमा पनि कडा व्यवस्था हुनुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'सुरक्षाकर्मीहरू टोल-टोलमा गएर माइकिङ गर्ने, निरीक्षणका क्रममा मापदण्ड पालना नगरेको अवस्थामा जरिवाना गर्नुपर्छ । अन्तरजिल्ला र अन्तरप्रदेश नाकामा पनि कडाइ गर्नुपर्ने हुन्छ ।'

ठूला सहरहरूमा हुने आवतजावतमा प्रतिबन्ध लगाउँदै हरेक जिल्लामा अक्सिजनको व्यवस्था भएको अस्पताल तयारी अवस्थामा राख्न पनि उहाँले सरकारलाई सुझाव दिनुभयो । यस्तै, भ्याक्सिन बढी उत्पादन गरिरहेको देशहरूसँग परराष्ट्र मन्त्रालयले खोप आयातका लागि पहल गर्नुपर्ने उहाँको भनाइ छ । उहाँले अहिले विद्यालय उमेर समूहका बालबालिकामा संक्रमण बढी देखिएकाले त्यसतर्फ पनि ध्यान दिन सबैलाई आग्रह गर्नुभयो ।

## 'कोरोना संक्रमण...

« पृष्ठ १ बाट क्रमशः

एक महिनाको फरकमा संक्रमणको 'ग्राफ' निकै माथि पुगेको उक्त दुई तथ्याङ्ले प्रष्ट्याउँछ । त्यसमाथि अहिले देखिएकामध्ये धेरैमा नयाँ स्वरूपको भाइरस छ ।

यसपालि गत वर्ष जस्तो कोरोनाको त्रास कसैमा देखिएको छैन । शंकास्पद परीक्षणमा जान अनकनाउँछन् भने मास्क लगाउने, साबुन पानीले हात धुने, सेनिटाइजरको प्रयोग गर्नेलगायत मापदण्ड पालनामा खास जाँगर चलेको देखिँदैन । सडकमा राखिएका कतिपय हातधुने भाँडा प्रयोगविहीन देखिन्छन् । ठूलाठूला भिडभाड क्षेत्र, जात्रा, मेला, महोत्सव, राजनीतिक कार्यक्रम अहिले यत्रतत्र भइरहेका देखिन्छन् । तर, मन्दगतिमा संक्रमण दर बढिरहेको ग्राफले भने आमसमुदायको ध्यान तान्न सकिरहेको छैन ।

मन्त्रालयका प्रवक्त डा. जागेश्वर गौतमले संक्रमणको दर एक महिनाअघिबाट नै बढ्न थालेको भए पनि पछिल्लो १०/१२ दिनदेखि यसको रफ्तार तीव्र भएको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, 'अब राम्ररी स्वास्थ्य मापदण्ड नअपनाउने हो भने सबै सेवा ठप्प पार्नुको विकल्प हुन्न ।' अघिल्लो वर्ष यही समयमा भारतमा अत्यधिक संक्रमण भएको बेला नेपालमा न्यून थियो । जब भारतबाट नेपाली स्वदेश फर्किए त्यसपछि एक्कासि संक्रमण दरको गति बढेको थियो । गत वर्ष चैतको अन्तिमबाट क्रमशः बढ्न थालेको संक्रमणको गतिले वैशाख सकिँदा त्रास फैलाइसकेको थियो ।

मन्त्रालयका सहायक प्रवक्ता डा. समीर कुमार अधिकारी अहिले अवस्था सामान्य हुँदा पनि शंकास्पद व्यक्ति परीक्षणका लागि अस्पताल जान जाँगर देखाउन छाडेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'शंकास्पद परीक्षणमा जानैपर्छ, क्वारेन्टिन बस्नैपर्छ, नभए अवस्था जटिल हुनसक्छ । अहिले ठूला शहर, नाका क्षेत्र, भारतबाट आउनेमा बढी संक्रमण देखिएको छ ।'


**SHEY PHOKSUNDO RURAL MUNICIPALITY**
**Saldang, dolpa**
**Karnali Provience, Nepal**

**INVITATION FOR E-BID**

**First Date of Publication : 2077/12/30**

1. **Shey Dolpa Phoksundo Rural Municipality**, has allocated the budget towards the cost of Procurement of Constraction to apply part of the funds to cover eligible payments under the Contract for Procurement of goods as follows. Bidding is open to all eligible Bidders from Nepal.
2. The Office of the **Shey Phoksundo Rural Municipality, Dolpa** invites bids from eligible bidders for the procurement of constraction.
3. The Bidder having valid firm registration,VAT/PAN registration certificates, tax clearance certificate up toFY 2076/077 are eligible for bidding.
4. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at **Shey Phoksundo Rural Municipality, Dolpa** Phone No. 9858320536
5. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Shey Phoksundo Rural Municipality,Dolpa. Telephone No: Mobile-9858320536, within office hours.
6. Bidding documents may be purchased from the office of the Shey Phoksundo Rural Municipality, Dolpa, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Rs. 3000.00** before **2078/01/28.** The Bidders purchase the E-copy of bidding documents, the Bidder shall be required to deposit cost of bidding document in the RM's Rajaswa (revenue) account either by direct deposit or by tele-transfer of deposit in the RM account for the purchase of the Bank deposit voucher| .

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Prabhu Bank, saldang Brancha, Dolpa.**
**Name of Office: Shey Phoksundo Rural Municipality, Dolpa.**
**Office Account no :1650133537700071 (Ga-1-1 AntarikRaJasawakhata)**
**Office Account no. 1650133537700041 Dharauti (Deposit) Account**
**Office Code no.53-366-12.**

7. Bids must be submitted on through E-GP System only before 12:00 pm on **2078/01/28.**Documents received after this deadline shall not be accepted.
8. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend **14:00 pm** on **2078/01/28** at the office of Shay Phoksundo Rural Municipality , Dolpa. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by bid security, as follows, which shall be valid for minimum **120 days** beyond the bid validity period.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| S.N | Contract ID No | Description of Work | Estimated Amount (With VAT) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/DOP/ WORKS/2077-078-06 | Saldang Saurya Baiyau jalbidut aayojana | 7,094,400.00 | 178000 | 3000 | |

**Chief Admistrative Officer**



नेपाल सरकार
**सहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**वीरेन्द्रनगर, सुर्खेत**

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

**प्रकाशित मिति २०७७/१२/३०**

यस कार्यालयबाट मिति २०७७/०७/०३ गते अन्नपूर्ण दैनिक पत्रिकामा प्रकाशित Construction of Remaining works of Awalching P.H.C.C. Building, Surkhet. (FPIU/Surkhet/Work/NCB/01/077/078) निर्माण कार्यका लागि E–Bid मार्फत बोलपत्र आह्वान गरिएकोमा दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरु सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम २१ (ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव मिति २०७८/०१/०६ गते दिनको १:०० बजे यस कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| उत्तिर्ण बोलपत्रदाताहरुको नाम /ठेगाना | |
|---|---|
| १. अविसा -अभियान-विकोन जे.भि., काठमाण्डौं । | २. क्याराभान- के.आर. जे.भि.,काठमाण्डौं । |
| ३. गणपति बाबा निर्माण सेबा धुलिखेल काभ्रे । | ४. मजदुर कन्स्ट्रक्सन बीरेन्द्रनगर, सुर्खेत । |
| ५. पुष्पाञ्जली पि.एस. जे.भि. नौबस्ता बाँके । | ६. मिलिनियम-शिव निर्मल-बाबिरोमष्ट जे.भि. काठमाण्डौं । |
| ७. टि.डि.आर.- जि.टि. जे.भि. सुर्खेत । | |

**आयोजना प्रमुख**